फोन नं.- ०९३-४२०१४०

श्री

# दार्चुला जिल्ला अदालत

प.सं. ०७५।०७६ दार्चुला मितिः- २०७५।१२।१२

च.नं

# सूचना सूचना सूचना

नेपालमा सरकारी कामकाजको भाषा नेपाली भएको तर नेपाली भाषा राम्रो संग नबुझ्ने व्यक्तिहरु समेत न्यायीक काम कारवाहीको सिलसिलामा अदालतमा आउदा न्यायीक काम कारवाहीमा उनीहरुलाई असुविधा हुने महसुस गरी सरकारी कामकाजको भाषा नबुझ्ने सेवा ग्राहीलाई उनिहरुले बुझ्ने भाषामा न्यायीक सेवा प्रदान गर्न यस अदालतमा दोभाषेको रुपमा सूचिकृत हुनु भएका दोभाषेहरुलाई सूची अध्यावधिक गर्नका लागि मिति २०७५।११।१९ मा ७ (सात) दिने सूचना प्रकाशित गर्दा पनि सम्पर्कमा नआएको हुदा पुनः दोभाषे छनोट गर्नु पर्ने भएकाले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र देहायको योग्यता पुगेका इच्छुक उम्मेदवारबाट दरखास्त आह्वान गरिन्छ।

देहायः-

१. उम्मेदवारको योग्यता

क) उल्था गर्ने भाषा मौखिक रुपमा राम्रोसंग लेख्न र बोल्न जान्ने ।

ख) सरकारी कामकाजको भाषा राम्रोसंग लेख्न र बोल्न जान्ने ।

२. उल्था गर्नु पर्ने भाषा

क) हिन्दी

ख) अंग्रेजी

ग) सौका

घ) डोटेली

ङ) अन्य

३. दोभाषेको पारिश्रमिकः- निर्देशिकामा उल्लेख भए बमोजिम ।

४. दरखास्त दिने अवधीः- सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र ।

५. सूचना प्रकाशन मितिः- २०७५।१२।१२

६. सम्पर्क मितिः- २०७५।१२।२६

E-mail: info.ddarchula@supremecourt.gov.np